# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०७९।८०
च.नं. :- 259

मिति :- २०७९।१०।१३

विषय :- राष्ट्रपति रनिङ शिल्डका लागि खेलाडीको विवरण पठाउने बारे।

श्री सम्पुर्ण विद्यालयहरु
धनगढी उप- महानगरपालिका, धनगढी ,कैलाली।

प्रस्तुत विषयमा कैलाली जिल्ला खेलकुद समितिको प.सं. २०७९।८० च.नं. ५६ मिति २०७९।१०।०३ को प्राप्त पत्रानुसार यस उप-महानगरपालिका अन्तर्गत कक्षा ९ देखि १२ मा अध्ययनरत खेलाडी विद्यार्थीहरुको सहभागितामा मिति २०७९।१०।२८ गतेभित्र नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरी खेलाडी छनौट गरी पठाउनु पर्ने भएकोले यस उप-महानगरपालिका अन्तर्गत सञ्चालित माध्यमिक विद्यालयहरुबाट तपसिलका खेलमा सहभागी हुने खेलाडीहरुको विवरण यसैसाथ संलग्न ढाँचामा तयार गरी मिति २०७९।१०।१८ गते कार्यालय समय भित्र यस कार्यालयको युवा तथा खेलकुद शाखामा आई पुग्ने गरी पठाईदिनहुन अनुरोध छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

प्रतियोगिताको विवरण :-

१. भलिबल छात्र/छात्रा

२. एथलेटिक्स
   क. दौड (ट्रयाक) छात्र/छात्रा तर्फ :- १०० मिटर, २०० मिटर, ४००मिटर, ८०० मिटर, १५०० मिटर र ३००० मिटर, ४×१००मिटर रिले, ४×४०० मिटर रिले
   ख. उफ्रने र फ्याक्ने (फिल्ड) तर्फ :-
   - छात्र तर्फ हाईजम्प, लमजम्प, त्रिपलजम्प, ज्यावलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउन्ड
   - छात्रा तर्फ हाईजम्प, लमजम्प, त्रिपलजम्प, ज्यावलिङ थ्रो ६०० ग्राम, सटपुट ८ पाउन्ड

३. कबड्डी
   - छात्र/छात्रा (छात्र ७० के.जी. मुनी र छात्रा ६५ के.जी. मुनी)

प्रतियोगितामा सहभागी हुनेहरुका लागि थप जानकारी तथा नियमहरु :-

१. सहभागी हुने खेलाडी कक्षा ९ देखि १२ सम्म नियमित रुपमा सम्बन्धित विद्यालयमा अध्यापनरत हुनुपर्ने छ।
२. प्रतियोगितामा सहभागी हुन आउने विद्यार्थीहरुको विवरण IEMIS मा अपलोड भएको हुनुपर्ने छ।
३. यस अघि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भईसकेका खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराईने छैन।
४. खेलाडीको लागि खाना/खाजा/पोशाक र सुरक्षा लगायतको सम्पुर्ण जिम्मेवारी सम्बन्धित विद्यालयको हुने छ।
५. विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयले उच्च अनुशासनमा राख्नु पर्ने छ। खेल मैदानमा खेलाडीहरुले खेलको नियम उल्ङ्घन गरेमा खेलमा आबद्ध संयोजक वा समितिले आवश्यक कारबाही गर्ने छ।
६. प्रतियोगितामा सहभागी हुने खेलाडीले एक खेलाडी एक विधामा (भलिबल वा कबड्डी वा एथ्लेटिक्स) मात्र सहभागी हुन पाउने छ।
७. भलिबल र कबड्डी खेलका लागि प्रति विद्यालय ९/९ जना खेलाडी पठाउनु पर्ने छ।
८. प्रतियोगिताका उत्कृष्ट खेलाडी तथा विद्यालयलाई जिल्लास्तरको प्रातियोगिताका लागि छनोट गरिने छ।

**बोधार्थ :**

श्रीमान नगर प्रमुख ज्यू :- जानकारीका लागि सादर अनुरोध।
श्रीमान नगर उपप्रमुख ज्यू :- जानकारीका लागि सादर अनुरोध।
✓श्री सूचना तथा सञ्चार प्रविधि शाखा :- वेभसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिन हुन।

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना

फोटो

(१) सहभागी विद्यार्थीको नाम :

(२) विद्यालयको नाम/ठेगाना :

(३) अध्ययनरत कक्षा :

(४) जन्म मिति :

(५) सहभागी हुने खेल : १........................ २................... ३. ..............................

(६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

नरेन्द्र बहादुर खाती
उपसचिव